संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ५४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन २९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री भूमिप्रसाद त्रिपाठी
२. मा० श्री मायादेवी न्यौपाने
३. मा० श्री मिना सुब्बा
४. मा० श्री योगेश कुमार भट्टराई
५. मा० श्री राजेन्द्र कुमार के.सी.
६. मा० श्री रामविर मानन्धर
७. मा० श्री रेनुका गुरुङ्ग

तदुपरान्त विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री निरुदेवी पाल
२. मा० श्री जिपछिरिङ लामा
३. मा० श्री हितबहादुर तामाङ्ग
४. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
५. मा० श्री लिला देवी सिटौला
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री यज्ञराज सुनुवार
८. मा० श्री रंगमती शाही
९. मा० श्री दिल कुमारी
१०. मा० श्री झपट बहादुर रावल
११. मा० श्री ईन्दु कुमारी शर्मा
१२. मा० श्री सरिता कुमारी गिरी

तत्पश्चात सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीको क्रममा सामान्य हेरफेर गरेको व्यहोरा जानकारी गराउनु हुँदै मिति २०७९ साउन २५ गतेको बैठकमा मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राईले दफावार छलफलको जवाफ दिने क्रममा सरकारको तर्फबाट स्वीकार गर्नुभएको स्वीकृत संशोधनहरु राष्ट्रिय सभाको सन्देश सहितको “काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ९० रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २९ सम्म राष्ट्रिय सभाको सन्देश सहितको “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राई राष्ट्रिय सभाको सन्देश सहितको “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “अर्थ समितिको प्रतिवेदन सहितको बीमा विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त अर्थ समितिको प्रतिवेदन सहितको “बीमा विधेयक, २०७५” माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री नवराज सिलवाल
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री प्रेम सुवाल

| | | | |
|---|---|---|---|
| ५. | मा० श्री अमनलाल मोदी | ७. | मा० श्री अञ्जना विसंखे |
| ६. | मा० श्री राजेन्द्र कुमार के.सी. | | |

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “बीमा विधेयक, २०७५” का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १२४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “बीमा विधेयक, २०७५” का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १२४ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १७२ सम्म र सम्बन्धित अनुसूची “बीमा विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “बीमा विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “बीमा विधेयक, २०७९ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “अर्थ समितिको प्रतिवेदन सहितको सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि अर्थ समितिको प्रतिवेदन सहितको “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री दिव्यमणि राजभण्डारी | ३. | मा० श्री प्रेम सुवाल |
| २. | मा० श्री भरत कुमार शाह | ४. | मा० श्री राजेन्द्र कुमार के.सी. |

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ६७ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक पन्ध्र मिनेटको लागि स्थागित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको बैठक आजै पन्ध्र मिनेटपछि बस्नेगरी दिनको २:०५ बजे स्थगित भयो ।

आजै पन्ध्र मिनेटको लागि स्थगित भएको प्रतिनिधि सभाको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ६७ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै आजको कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन ३१ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको २:४० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव